# धनगढीमाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

धनगढी, सिरहा
मधेश प्रदेश, नेपाल

www.dhangadhimaimun.gov.np
mundhangadhi@gmail.com
033-545238, 033-545271

प.सं.: २०८१/०८२(प्रशासन शाखा)
च.नं.: 304

मिति: २०८१ कार्तिक १ गते

**विषय: जानकारी सम्बन्धमा।**

**श्री सरोकारवाला सबै,**
**धनगढीमाई नगरपालिका,**
**धनगढी, सिरहा।**

प्रस्तुत् विषयमा मधेश प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८१को अनुसूची-८ मा उल्लेख भए बमोजिम ढुंगा, गिट्टी, बालुवा, माटो, दहत्तर बहत्तरको नियमन सम्बन्धी जरिवाना सम्बन्धमा भएको व्यवस्था अनुसार भनि सम्पूर्ण सरोकारवालालाई जानकारीको लागि अनुरोध छ। साथै अनुसूची-८ यसै पत्र साथ संलग्न राखिएको छ।

**वोधार्थ:**
श्री इलाका प्रहरी कार्यालय, धनगढी, सिरहा।
श्री इलाका प्रहरी कार्यालय, विष्णुपुरकट्टी (ठटिया) धनगढी, सिरहा।
श्री प्रहरी विट, कसहा, धनगढी, सिरहा।
श्री राजश्व उप शाखा,
श्री नगर प्रहरी,
धनगढीमाई नगरपालिका, धनगढी, सिरहा।

माधेन्द्र चौधरी
प्रमुख प्रशासकीय अधिकृत

# अनुसूची-८

## (दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

## ढुंगा, गिट्टी, बालुवा, माटो, दहत्तर बहत्तरको नियमन सम्बन्धी जरिवाना

| क्र.सं. | कसुरको किसिम | जरिवाना रु. |
|---|---|---|
| १ | नदीको वहाव वा पानी बगेको क्षेत्रमा प्रवेश वा उत्खनन् वा सङ्कलन गरेमा (प्रति मेशिन वा साधनको) | |
| | (क) मेशिन स्काभेटर व्याक हो लोडर | २५ हजार |
| | (ख) ट्रिपर वा ट्रक | १५ हजार |
| | (ग) मिनी ट्रक | १० हजार |
| | (घ) टयाक्टर | ५ हजार |
| २ | बिना अनुमती मेशिनरी औजार प्रयोग गरी उत्खनन् गरेको पाइएमा | २५ हजार |

| | | |
|---|---|---|
| ३ | तोकिएको भन्दा बढी गहिराइमा उत्खनन् गरेमा | ३० हजार |
| ४ | तोकिएको भन्दा बढी संख्यामा मेशिन प्रयोग गरेमा (प्रति मेशिन) | २० हजार |
| ५ | बिहान ६ बजे अघि र बेलुका ७ बजे पश्चात उत्खनन् गरेमा | क्र.स. १ अनुसारकै जरिवाना |
| ६ | नदीको वहाव परिवर्तन गरी उत्खनन् गरेमा (प्रति मेशिन वा साधन) | २० हजार |
| ७ | निषेधित क्षेत्रमा साधन उत्खनन् वा संकलन गरेमा | ३० हजार |
| ८ | राजमार्ग र मुख्य सडकको अधिकार क्षेत्रमा संकलन वा सञ्चय गरेमा | ५० हजार |
| ९ | क्र.स. १ देखि ८ सम्मको कसुर पुनः दोहोऱ्याएमा | तोकिएको रकममा २५ प्रतिशत थप जरिवाना |

| | | |
|---|---|---|
| १० | पानी, हिलो, धुलो वा गिट्टी चुहाउँदै, उडाउँदै वा झार्दै नदीजन्य स्रोतको ढुवानी गरेमा | ३ हजार प्रतिपटक, पटकेमा दोब्बर, तेब्बर हुँदै जाने |
| ११ | प्रत्येक पटकको ढुवानीमा राजश्व तिरेको निस्सा र चलान पूर्जी साथमा रहेको भेटिएमा (अप्रशोधित सामाग्री भेटिएमा) | ३००० प्रति पटक, पटकेमा दोब्बर, तेब्बर हुँदै जाने |
| १२ | प्रशोधित ढुङ्गा, गिटी, वालुवा, धुलोको हकमा प्रत्येक पटकको ढुवानी कार्यमा प्रशोधन उद्योगबाट जारी भएको छुटै भ्याट बिल तथा चलान पूर्जा साथमा रहेको नभेटिएमा | ३००० प्रति पटक, पटकेमा दोब्बर, तेब्बर हुँदै जाने |
| १३ | निजी जग्गाको अप्रशोधित सामाग्रीको ढुवानीका हकमा स्थानीय तहले जारी गरेको उत्खनन् अनुमतीपत्र, प्रत्येक पटकको चलान पूर्जा र राजश्व तिरेको निस्सा साथमा नभेटिएमा | ५००० प्रति पटक, पटकेमा दोब्बर, तेब्बर हुँदै जाने |

| | | |
|---|---|---|
| १४ | प्रचलित कानूनले अनुमति दिएको वा क्षमता भन्दा बढी ढुवानी गरेमा | ५००० प्रति पटक, पटकेमा दोब्बर, तेब्बर हुँदै जाने |
| १५ | रुट तोकिएको भए तोकिदिएको बाहेक रुट, समय, गति संख्यामा ढुवानी गरेमा | ५००० प्रति पटक, पटकेमा दोब्बर, तेब्बर हुँदै जाने |
| १६ | जिल्ला अनुगमन समितिले मौज्दात प्रमाणित गर्दा खरिद विक्री परिमाणमा हिसाब मिलान नभएर कैफियत देखिएका सो बराबरको परिमाणमा जरिवाना | २१ रुपैयाँ ६६ पैसा प्रति घनफिट |
| १७ | खानीजन्य पदार्थको ढुवानी गर्दा प्रत्येक पटकको ढुवानीमा खानी सञ्चालक वा खानीजन्य उद्योगको चलान पूर्जी विना ढुवानी गरेमा वा तोकिएको रुटभन्दा अन्यत्रबाट उत्खनन् गरिएको पदार्थ ढुवानी गरेमा | ५००० प्रति पटक, पटकेमा दोब्बर, तेब्बर हुँदै जाने |

| | | |
|---|---|---|
| १८ | नदीजन्य प्राकृतिक स्रोत प्रशोधन उद्योगले प्रचलित कानून वा मापदण्ड विपरित ऋशिङ्ग, वाशिङ्ग वा अन्य प्रशोधन कार्य गरेमा वा सो कार्य गर्ने उद्योग सञ्चालन गरेको पाइएमा (वार्षिक जरिवाना) | ठूला -३० हजार मझौला -२० हजार साना - १० हजार |
| १९ | कुनै नियकामा दर्ता नभई नदीजन्य प्राकृतिक स्रोत प्रशोधन उद्योग सञ्चालन गरेमा वार्षिक जरिवाना (सुरु मिति देखि गणना हुने गरी हाल सम्म) | ठूला -३० हजार मझौला - २० हजार साना - १० हजार |
| २० | कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गरेतापनि सम्बन्धित निकायबाट इजाजत नलिई नदीजन्य प्राकृतिक स्रोत साधन प्रशोधन उद्योग सञ्चालन गरेमा वार्षिक जरिवाना (सुरु मिति देखि गणना हुने गरी हाल सम्म) | ठूला - ३० हजार मझौला - २० हजार साना - १० हजार |
| २१ | कम्पनी दर्ता गरी, इजाजत लिइ | ठूला - ३० |

| | | |
|---|---|---|
| | उद्योग सञ्चालन गरे तापनि सम्बन्धित निकायबाट इजाजत नविकरण नगरी उद्योग व्यवसाय सञ्चालन गरेमा वार्षिक जरिवाना (इजाजत नविकरण नभएको वर्ष देखि गणना हुने गरी) | हजार<br>मझौला - २० हजार<br>साना - १० हजार |